# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**सम्पर्क नं.**
अध्यक्ष ज्यू- ९८६८१४५४९५
प्र.प्र.अ.- ९८५८०२०८९९
सूचना अधिकारी-९८५८०२०७९९

पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल


## सेवा करारमा जनशक्ति पदपुर्ति सम्वन्धी सूचना

**प्रकाशित मिति :२०८०।०१।२४**

भगवतीमाई गाउँपालिकामा "सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना (SusWA) कार्यक्रम" संचालन सहयोगका लागि आवश्यक तपसिल अनुसारका जनशक्ति खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकाले ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०८०/०२/०७ गते) कार्यालय समय भित्र आवश्यक उल्लेखित कागजात र दस्तुर तिरेको भौचर रसिद सहित गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन पेश गर्न हुन सूचित गरिन्छ ।

<u>तपसिल</u>:

१. पद तथा आवश्यक न्यूनतम योग्यता र अनुभव सम्बन्धी विवरण

**क) खानेपानी, सरसफाई तथा स्वच्छता संयोजक (विज्ञापन नं. SusWA- ०१/२०७९/८०, आवश्यक संख्या:- १(एक))**

- कम्तिमा स्नातक तह (सिभिल ईन्जिनियरिङ वा ग्रामीण विकास वा समाजशास्त्र वा व्यवस्थापन वा सो सरह ) उत्तीर्ण गरि कम्तिमा ५ बर्षको ग्रामीण विकास, योजना तर्जुमा र व्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनु पर्ने सो मध्ये अवधि मध्ये कम्तिमा ३ बर्ष खानेपानी, सरसफाई तथा स्वच्छताका क्षेत्रमा कार्य गरेको हुनुपर्ने ।
- सामाजिक परिचालन, तालिम सहजिकरणमा राम्रो अनुभव भएको
- आधारभूत कम्प्युटर (MS word, Excel, power point) को ज्ञान र प्रतिवेदन क्षमता भएको
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तर्गत खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा कार्य गरेकोलाई विशेष ग्राह्यता दिईने।

**ख) प्राविधिक सहजकर्ता (विज्ञापन नं. SusWA- ०२/२०७९/०८०, आवश्यक संख्या:- १(एक))**

- कम्तीमा सिभिल ईन्जिनियरिङ बिषयमा प्रविणता प्रमाण-पत्र/डिप्लोमा तह उत्तीर्ण गरि ३ बर्ष खानेपानी, सरसफाई तथा स्वच्छताका क्षेत्रमा सर्भे डिजाइन ईष्टिमेट, अनुगमन मुल्याङ्कन सम्वन्धित कार्य गरेको हुनुपर्ने ।
- आधारभुत कम्प्युटर (MS word, Excel, power point) को राम्रो ज्ञान र प्रतिवेदन क्षमता भएको
- AutoCAD लगायतका सफ्टवेयरको ज्ञान भएको
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सिप भएको हुनुपर्ने।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तर्गत कार्य गरेकोलाई बिशेष ग्राह्यता दिईने।

**ग) खानेपानी सरसफाई तथा स्वच्छता सहजकर्ता (विज्ञापन नं. SusWA- ०३/२०७९/०८०, आवश्यक संख्या:- १(एक))**

- कम्तीमा स्वास्थ्य वा सो सरहका बिषयमा प्रबिणता तह उतीर्ण गरि ५ बर्ष खानेपानी, सरसफाई तथा स्वच्छता, मर्यादित महिनावारिका क्षेत्रमा कार्य गरेको हुनु पर्ने ।
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सीप भएको हुनु पर्ने।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तर्गत कार्य गरेकोलाई बिशेष ग्राह्यता दिईने।

**घ). खानेपानी, सरसफाइ तथा स्वच्छता प्राबिधिक - WASH Technician (विज्ञापन नं. SusWA- ०४/२०७९/०८०, आवश्यक संख्या:- केहि**

...बहादुर खड्का
प्रमुख प्रशासकिय अधिकृत



CamScanner

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था बाट ईन्जिनियरिङ्ग विषयमा TSLC हासिल गरेको वा मान्यता प्राप्त तालिम केन्द्रबाट कम्तिमा ३० दिनको ग्रामीण खानेपानी तथा सरसफाइ योजना निमार्ण सम्बन्धि तालिम लिएको।
- खानेपानी वा सरसफाइको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव र कम्तिमा ५ वटा ग्राविटी खानेपानी प्रणालीमा काम गरेको ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता र पानी गुणस्तर सम्बन्धि तालिम प्राप्त ।
- स्थानीय सरकारको अधिनमा रहि दातृ संस्था द्वारा संचालीत परियोजनाहरुमा काम गरेको ।

**ङ). सामाजिक परिचालक (Social Mobilizer)** (विज्ञापन नं. SusWA- ०५/२०७९/०८०, आवश्यक संख्या:- केहि
नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था तथा विश्व विद्यालयबाट कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण गरेको ।

- ग्रामिण परिबेशमा कम्तिमा दुइ बर्ष सामाजिक परिचालनको क्षेत्रमा काम गरेको र कम्तिमा एक बर्ष खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा काम गरेको ।
- खानेपानी, सरसफाइ तथा सामाजिक परिचालन सम्बन्धि तालिम लिएको ।
- स्थानीय सरकारको अधिनमा रहि दातृ संस्था द्वारा संचालीत परियोजनाहरुमा काम गरेको ।

२. भगवतीमाई गाउँपालिकाका स्थानीय वासिन्दालाई विशेष प्राथमिकता दिईनेछ ।

३. उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

४. दरखास्त दस्तुर र जम्मा गर्नु पर्ने खाताको विवरणः खानेपानी, सरसफाई तथा स्वच्छता संयोजकका लागि रु १००० (एक हजार मात्र), प्राविधिक सहजकर्ता र खानेपानी सरसफाई तथा स्वच्छता सहजकर्ता लागि रु ५०० (पाँच सय मात्र), खानेपानी, सरसफाइ तथा स्वच्छता प्राविधिक र सामाजिक परिचालक लागि रु ४०० (चार सय मात्र) दस्तुर गाउँपालिकाको प्रभु बैंक, बेस्तड़ा शाखा, दैलेखमा रहेको ग १.१ भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयको आन्तरिक राजस्व खाता नं. ग १.१-१५१०१०९३२८८०००९१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा राजस्व इकाईमा जम्मा गरेको नगदी रसिद आवेदन साथ पेश गर्नु पर्ने छ ।

५. व्यक्तिगत विवरण ढाँचा पेश गर्नु पर्नेः आवेदकले ब्यक्तिगत विवरण, नागरिकता नं., ठेगाना, शैक्षिक योग्यता, अनुभवको विवरण सहितको व्यक्तिगत विवरण ढाँचा तयार पारि आवेदन साथ पेश गर्नु पर्नेछ। आवेदनको ढाँचा यसै सूचना साथ संलग्न गरिएको छ ।

६. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः नागरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यताको प्रमाण-पत्र, अनुभवका प्रमाण-पत्र, तालिम प्राप्त गरेका प्रमाण- पत्रका प्रतिलिपि।

७. छनौटको किसिमः योग्यता क्रमको प्रारम्भिक सूची, लिखित परीक्षा, कम्प्युटर परीक्षण र अन्तरवार्ता हुनेछ ।

८. विज्ञापन सम्बन्धी थप जानकारीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ। मो.नं. ९८४८१३८१४६/९८५८०२०७९९, इमेल-info.bhagawatimai@gmail.com

प्रमुख प्रशासकीय अधिकृत



CamScanner